# सुर्यगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोकदे, नुवाकोट
स्थापना: २०७३

प.सं. ०७६/७७
च.नं. ३६५

बागमती प्रदेश, नेपाल
फोनः ०१०-६८००४२
मिति-२०७७।०२।०६

विषयः सुर्यगढी गाउँपालिकाको अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी रुपमा फैलिरहेको नोभेल कोरोना भाइरस(COVID-19) को संक्रमण,रोकथाम र नियन्त्रणका लागी यस गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा गाउँकार्यपालिका र सर्बदलिय/सर्वपक्षिय संयुक्त बैठकबाट देहाय बमोजिम निर्णय भएको हुँदा सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

मिति २०७७।०२।०५ गते बसेको संयुक्त बैठकको निर्णयहरुः

१.यस गाउँपालिका लाई मिति २०७७।०२।०७ गते बेलुका ४:०० बजे देखि मिति २०७७।०२।२० गते बेलुका ६:०० सम्म शिल गर्ने।

२.यस गाउँपालिकामा अत्यावश्यक बाहेकका सवारी साधन र मानिसलाई प्रवेशमा रोक लगाउन गाउँपालिका अन्तर्गतका वडा अध्यक्ष ज्युहरुको संयोजकत्वमा सम्पुर्ण नाकाहरु/प्रवेशद्वारहरुमा यस गाउँपालिकामा कार्यरत कर्मचारी,शिक्षक,गैरसरकारी संघ/संस्थाका प्रतिनिधी खटाउने।

३.यस गाउँपालिका भित्र सञ्चालित बैकं तथा बित्तिय संघ संस्थाहरु हप्ताको ३(तिन) दिन आइतबार,मङ्गलबार र बिहीबार मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउने।

४.सुर्यगढी गाउँपालिका भन्दा बाहिरबाट यस गाउँपालिका मा प्रवेश गर्ने जुनसुकै नागरिकलाई सम्बन्धित वडामा २१(एक्काईस दिन) अनिवार्य क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने।

५.मिति २०७७।०२।०७ गते देखि २०७७।०२।२० गते सम्मको लागी योजना सम्झौता गर्ने कामलाई रोक्ने।

६.गाउँपालिकाले छनौट गरेका प्रत्येक वडामा मात्र २।२(दुई/दुई) वटा खाधान्न ढुवानी गर्ने सवारी साधन बाहेकका अन्य सवारी साधन सञ्चालनमा पूर्णत रोक लगाउने।

७.यस गाउँपालिका भित्रका औषधी र खाधान्न विक्री वितरण गर्ने पसलहरु बाहेकका अन्य सम्पुर्ण पसलहरु पुर्णरुपमा बन्द गराउने।

८.यस गाउँपालिकामा सञ्चालित खाधान्न पसलहरु बिहान ६:०० बजेदेखी ९:०० बजे सम्म र बेलुका ४:०० बजेदेखी ७:०० बजे सम्म खुल्ला राख्न पाउने र विक्री वितरणमा सामाजिक दुरी कायम राख्ने व्यवस्था मिलाउने।

९.गाउँपालिका भित्र सञ्चालित खाधान्न पसलहरुले मिति २०७७।०२।०८ गते सम्ममा सबैले देख्ने गरी आ-आफ्नो पसलमा मुल्यसुचि राख्ने व्यवस्था मिलाउने।

१०.माथी उल्लेखित निर्णय नं ०७,०८ र ०९ को पालना नगर्ने व्यवसायीहरुलाई प्रथम पटकको लागी रु १००० (एक हजार), दोश्रो पटकका लागी रु २०००(दुई हजार), तेश्रो पटकका लागी रु १००००(दश हजार) र चौथो पटकका पनि उक्त गल्तीहरु दोहोर्याएमा पसल शिल गर्ने र गाउँपालिका घेराबन्दी तथा शिल सम्बन्धमा गरिएका निर्णयहरुको उल्लघन गर्ने जो कसैलाई पनि संक्रामक रोग ऐन २०२० अन्तर्गत कारबाही गरिनेछ।

११.गाउँपालिका भित्रका नियमित औषधी सेवन कर्ताहरुलाई मिति २०७७।०२।२० सम्मका लागी निशुल्क औषधी सम्बन्धित वडाको स्वास्थ्य चौकीमा उपलब्ध गराउने।

१२सुर्यगढी गाउँपालिकाको अध्यक्ष को नेतृत्वमा उपाध्यक्ष,प्रमुख प्रशासकिय अधिकृत,लेखा अधिकृत,ईन्जिनियर,सुचना प्रविधी अधिकृत प्रत्येक वडाको नाका - नाकाहरुमा अनुगमनको लागी खटिने।

१३ यस गाउँपालिकाले आ व २०७६।७७ मा विनियोजन गरेका योजना तथा कार्यक्रमहरु कोरोना भाइरसको कारण कार्यसम्पन्न गर्न गाह्रो परेकोले ति योजना तथा कार्यक्रमहरुलाई अर्को आ व २०७७।७८ मा निरन्तरता दिईने छ र विनियोजित गरेका रकमहरु फ्रिज नहुने।

यज्ञश्वर पाण्डे
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत